# कारागार ऐन, २०१९

८. **कारागारमा नाबालकको हेरेचाह :** (१) थुनिए वा कैद परेकी स्वास्नीमानिसको कारागार भित्र छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरबिचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनु पर्छ ।

(२) कुनै थुनुवा वा कैदीको निजले लालनपालन गर्नु पर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालन पालन गर्ने अरू कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेर विचार, शिक्षा दीक्षा र लालन पालन तोकिए बमोजिम नेपाल सरकार को खर्चमा गरिनेछ ।

(३) बाह्र वर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरबिचार गर्न निजको आमा, बाबु वा अरू नातादार कारागार भित्र बस्न चाहेमा पनि बस्न दिइनेछैन ।

९. **थुनुवा र कैदीहरूको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्था :** कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको दफा (८) को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोरा छोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइनेछ ।

१२. **थुनुवा वा कैदी स्थुनुवा स्वास्नी मानिस गर्भवती भएमा :** (१) कुनै थुनुवा वा कैदी स्वास्नी मानिस गर्भवती रहिछ भने )...............राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरूको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनु पर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भैसकेकोमा बाहेक फेरि कारागार भित्र राखिनेछ ।